# स्थानीय राजपत्र

## ऐरावती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः२ मितिः२०७७/०३/११

# भाग १

## ऐरावती गाउँपालिका, प्यूठान

सभाबाट स्वीकृत २०७७/०३/१०

# ऐरावती गाउँपालिकाको आर्थिक ऐन, २०७७

प्रस्तावनाः  ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८को उपधारा (२) बमोजिम ऐरावती गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखी ऐरावती गाउँपालिका क्षेत्रमा लागू  हुनेछ ।

**२. सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि-(१) को (क) देखी (ग) सम्म उल्लेख भए बमोजिम सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

**३. भूमि कर ( मालपोत):** गाउँपालिका क्षेत्रभित्र स्थानको वर्गिकरणको आधारमा अनुसूचि-(२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**४. घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि-(३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिने छ ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि-(५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

**९. मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि-(८) बमोजिम मनोरञ्जन व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट, बजार, पसल वा सरकारी जग्गा मा अनुसूचि-(९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि-(१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२.ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि-(११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि-(१२) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निमार्ण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१५. फोहोरमैला व्यवस्थापन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गर्नका लागि अनुसूचि-(१४)बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क लगाउनेछ ।

**१६. घर नक्सा पास दस्तुरः** गाउँपालिकाभित्र निर्माण हुने घरहरुमा नक्सा पास वापतको अनुसुची- (१५)बमोजिमको दस्तुर लाग्नेछ ।

**१७. अवैध उत्खनन् एवं ढुवानि जरिवाना :** गाउँपालिकाको क्षेत्रभित्रका खानिबाट अवैध उत्खनन् एवं ढुवानि गरेवापत अनुसूची-(१६)बमोजिमको अवैध उत्खनन् एवं ढुवानि जरिवाना लगाईनेछ ।

**१८. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१९. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि अनुसूचि-(१७) बमोजिम हुनेछ ।

यस विधेयकमा उल्लेख नगरिएका र अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐन २०७४ मा स्थानीय तहको अधिकार अन्तर्गत रहने क्षेत्रको कर निर्धारण तथा अन्य विषयहरु ऐरावती गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**अनुसुची-१(क)**
**(ऐनको दफा- २ सँग सम्बन्धित)**
**सम्पति कर**

| कर योग्य एकीकृत सम्पतिको मूल्य | बार्षिक दर |
|---|---|
| १ देखी ३ लाख रुपैयाँसम्मको मूल्यांकनमा | रु२५ |
| ३ लाख देखी ५ लाख रुपैयाँसम्मको मूल्यांकनमा | रु५० |
| ५ लाख देखी ७ लाख रुपैयाँसम्मको मूल्यांकनमा | रु८० |
| ७ लाख देखी ९ लाख रुपैयाँसम्मको मूल्याकनमा | रु१२० |
| ९ लाख देखी १२ लाख रुपैयाँसम्मको मूल्यांकनमा | रु१८० |
| १२ लाख देखी १५ लाख रुपैयाँसम्मको मूल्यांकनमा | रु२५० |
| १५ लाख देखी २५ लाख रुपैयाँसम्मको मूल्यांकनमा | प्रतिलाख ०.०२% |
| २५ लाख देखी ५० लाख रुपैयाँसम्मको मूल्यांकनमा | प्रतिलाख ०.०३% |
| ५० लाख रुपैयाँभन्दा माथिको मूल्यांकनमा | प्रतिलाख ०.०५% |

नोट » पुष मसान्त भित्र सम्पति कर दाखिला गर्ने कर दातालाई कुल कर रकमको १०% छुट दिइने छ ।

**अनुसुची-१(ख)**

**संरचनाको मुल्याङ्कन दर निर्धारण**

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की जोडाईमा ढलाई | | माटोको जोडाइमा ढलाई | | पक्का जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाई भै जस्ता वा टायलको छाना | | सेड | |
| | | व्यापारीक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारीक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारीक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारीक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारीक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | १३५० | १२७५ | १२७५ | १२०० | ११२५ | १०५० | ९७५ | ९०० | ३७५ | २२५ |
| ख | संस्थागत क्षेत्र | १२७५ | १२०० | १२०० | ११७५ | १०५० | ९७५ | ९०० | ८२५ | ३०० | १९० |
| ग | आवासिय क्षेत्र | १२०० | ११७५ | ११७५ | १०५० | ९७५ | ९०० | ८२५ | ७५० | २२५ | १५० |
| घ | कृषि क्षेत्र | ११२५ | १०५० | १०५० | ९७५ | ९०० | ८२५ | ७७५ | ६७५ | २२५ | १५० |
| ङ | वन तथा वगर क्षेत्र | १०५० | ९७५ | ९७५ | ९०० | ८२५ | ७५० | ६७५ | ६०० | २२५ | १५० |

ढुंगा वा इँटाको पर्खाल प्रति रनिङफिट रु १९०।

**अनुसुची-१(ग)**

**संरचनाको ह्रस कट्टी दर**

| संरचनाको किसिम ⇨ संरचनाको आयु ⇩ | आर.सि.सि. फ्रेम स्टक्चर | सिमेन्टजोडाइमा इट्टा वा ढुङ्गाकोगारो आर.सि.सि छाना | माटोकोजोडाइमा इट्टावा ढुङ्गाकोगारो-आर.सि.सि वा सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोकोजोडाइमा इट्टा वा ढुङ्गाको गारो -जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १-३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३-६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६-९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ७० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ८० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ८० | ८० |
| १८-२१ वर्ष | ४२ | ६३ | ८४ | ८० | ८० |
| २१-२४ वर्ष | ४८ | ७२ | ८० | ८० | ८० |
| २४-२७ वर्ष | ५४ | ८१ | ८० | ८० | ८० |

| | | | | | |
|---|---|---|---|---|---|
| २७-३० वर्ष | ६० | ८० | ८० | ८० | ८० |
| ३०-३३ वर्ष | ६६ | ८० | ८० | ८० | ८० |
| ३३-३६ वर्ष | ७२ | ८० | ८० | ८० | ८० |
| ३६-४० वर्ष | ७८ | ८० | ८० | ८० | ८० |
| ४०-४३ वर्ष | ८४ | ८० | ८० | ८० | ८० |
| ४३-४६ वर्ष | ८० | ८० | ८० | ८० | ८० |
| ४६ भन्दा माथि | ८० | ८० | ८० | ८० | ८० |

**अनुसुचि- २**
**(ऐनको दफा-३ सँग सम्बन्धित )**
**<u>भुमि(मालपोत) कर</u>**

**१.ऐरावती गाउँपालिका वार्ड नं २ चुकाहा देखी वार्ड नं ४ छापा सम्मको बजार क्षेत्रको मुख्य सडकले छोएको जग्गा :**

| क्रस | जग्गाको किसिम | दर प्रतिरोपनि | कैफियत |
|---|---|---|---|
| १ | अब्बल | रु २० | |
| २ | दोयम | रु १८ | |
| ३ | सिम | रु १६ | |
| ४ | चाहार | रु १४ | |
| ५ | खोरिया | रु १२ | |
| **न्युनतम** | | **रु २५** | |

**२. ऐरावती गाउँपालिका वार्ड नं २ चुकाहा देखी वार्ड नं ४ छापा सम्मको बजार क्षेत्रको भित्रि सडकले छोएको जग्गा**

| क स | जग्गाको किसिम | दर प्रतिरोपनि | कैफियत |
|---|---|---|---|
| १ | अब्बल | रु १५ | |
| २ | दोयम | रु १२ | |
| ३ | सिम | रु १० | |
| ४ | चाहार | रु ८ | |
| ५ | खोरिया | रु ६ | |
| **न्युनतम** | | **रु २०** | |

**३. अन्य जग्गाको लागि**

| क स | जग्गाको किसिम | दर प्रतिरोपनि | कैफियत |
|---|---|---|---|
| १ | अब्बल | रु १२ | |
| २ | दोयम | रु १० | |
| ३ | सिम | रु ८ | |
| ४ | चाहार | रु ५ | |
| ५ | खोरिया | रु ५ | |
| **न्युनतम** | | **रु १०** | |

**नोट :**

- उब्जाउ भूमि बाझो राखेको पाइएमा मालपोत करमा २०० प्रतिशत थप कर लाग्ने छ।
- पुष मसान्त भित्र कर बुझाएमा १० प्रतिशत कर छुट हुनेछ।

**अनुसुचि- ३**
**(ऐनको दफा- ४ सँग सम्बन्धित)**
**घर जग्गा बहाल कर**

| क स | घर जग्गा बहाल कर |
|---|---|
| १ | बहाल रकमको १० प्रतिशत |

कुनै व्यक्ति वा संस्थाले कम मूल्याङकनमा सम्झौता गरेको पाइएमा सम्झौता गरेको रकममा गाउपालिका आफैले भाडामा लिन सक्ने छ। सो दिनु सम्बन्धित घरधनिको कर्तव्य हुनेछ।

**अनुसुची ४**
**(ऐनको दफा-५ सँग सम्बन्धित)**
**व्यवसाय कर**

**व्यबसाय करको दररेट(वार्षिक रु)**

| क्र.सं. | व्यवसायको विवरण | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
|---|---|---|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | | | | |
| | मोटरसाइकल मर्मत | १,५०० | १,२०० | १,००० | |
| | रेडियो,घडि, टिभि,मोबाइल, तथा विभिन्न विद्युतीय उपकरण मर्मत | ६०० | ५०० | ४०० | |
| | साइकल,कुकर, पंखा छाता, स्टोभ आदि मर्मत | | | | ३०० |
| | सोलार | ८०० | ६०० | ४०० | |
| २. | **स्वास्थ्य सेवा तर्फ** | | | | |
| | मेडिकल/आयुर्वेद | १,५०० | १,२०० | १,००० | |
| | निजी अस्पताल (निर्धन र जेष्ठ नागरिकलाई १०प्रतिशत छुट दिनुपर्ने | ३,५०० | ३,५०० | ३,५०० | |
| ३. | **शिक्षा सेवा तर्फ** | | | | |
| | विद्यालय निजी (१-५) | ५,००० | ५,००० | ५,००० | |
| | विद्यालय निजी (१-८) | ६,००० | ६,००० | ६,००० | |
| | विद्यालय निजी (१-१२) | ९,००० | ९,००० | ९,००० | |
| | क्याम्पस | १२,००० | १२,००० | १२,००० | |
| | प्राविधिक शिक्षालय | १२,००० | १२,००० | १२,००० | |
| | स्टेसनरी/पुस्तक पसल | १,००० | ९०० | ८०० | |
| | कोचिङ सेन्टर/ कम्प्युटर ईन्स्टिच्युट | १,५०० | १,२०० | १,००० | |
| ४. | **सञ्चार सेवा तर्फ** | | | | |
| | एफ एम रेडियो सामुदायिक | १,८०० | १,८०० | १,८०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | एफ एम रेडियो निजि | ३,००० | ३,००० | २,००० | |
| | केवल नेटवक सञ्चालक | ५,००० | ५,००० | ५,००० | |
| | इन्टरनेट सेवा सञ्चालक | ६,००० | ६,००० | ६,००० | |
| | फोन, फ्याक्स, फोटोकपि | ५०० | ४०० | ३०० | |
| | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | ८,००० | ८,००० | ८,००० | |
| | दुरसंचार टावर | १५,००० | | | |
| | कुरियर सेवा | ५०० | ५०० | ५०० | |
| | चलचित्र हल | २,००० | २,००० | २,००० | |
| | भिडियोग्राफी, कलर ल्याब तथा फोटो स्टुडियो | १,००० | ९०० | ८०० | |
| ५. | **वित्तीय सेवा तर्फ** | | | | |
| | वैंक | १५,००० | १३,००० | १०,००० | |
| | लघुवित्त | ५,००० | ४,००० | ३,००० | २,००० |
| | बचत तथा ऋण सहकारी | ४,००० | ३,००० | २,००० | ५०० |
| | उत्पादनमुलक/महिला/कृषि सहकारी | १,५०० | १,००० | ७५० | ५०० |
| ६. | **निर्माण तर्फ** | | | | |
| | घ वर्गको निर्माण व्यवसायी | १५,००० | | | |
| | घ वर्गको निर्माण व्यवसायी प्रतिलिपी | १०,००० | | | |
| ७. | **होटल व्यवसाय** | | | | |
| | सुत्ने खाने व्यवस्था भएको होटल | ३,००० | २,००० | १,५०० | ५०० |
| | रेष्टुरेन्ट | ३,००० | २,००० | १,५०० | |
| | चिया नास्ता पसल सामान्य खालको | ५०० | ४०० | ३०० | २०० |
| ८. | **सुन चाँदी पसल** | ३,००० | २,५०० | | |
| ९. | **मदिरा पसल** | | | | |
| | मदिरा थोक | ४,००० | ३,००० | | |
| | मदिरा खुद्रा | १,५०० | १,३०० | १,२०० | ५०० |
| १०. | **मासु पसल/फ्रेस हाउस (१ मात्र आइटम)** | ६०० | ५०० | ४०० | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | मासु पसल/फ्रेस हाउस (१ भन्दा बढी आइटम) | १,००० | ८०० | | |
| ११. | **उद्योग व्यवसाय** | | | | |
| | ग्रिल उद्योग/मर्मत | ३,००० | २,५०० | | |
| | छापाखाना | ४,००० | ४,००० | | |
| | इटा, टायल उद्योग | ४,००० | ४,००० | | |
| | कुटानी,पिसानी, पेलानी मिल सानो | १,००० | ८०० | ५०० | |
| | कुटानी, पिसानी, पेलानी मिल ठुलो | २,००० | १,५०० | | |
| | फर्निचर तथा काष्ठ उद्योग | ५,००० | ३,५०० | | |
| | चाउमिन, पाउरोटी (घरेलु उद्योग) | ५०० | ४०० | | |
| | फ्लेक्स प्रिन्ट | ८०० | ८०० | | |
| | घरेलु तथा कृषि उद्योग पशुपंक्षी फर्म | ५०० | ४०० | ३०० | २०० |
| | क्रसर उद्योग | १०,००० | | | |
| १२. | **टेलरिङ्ग** | १,००० | ८०० | ६०० | ३०० |
| १३. | **पसलहरु** | | | | |
| | सिसा प्लाइउड | १,५०० | १,५०० | | |
| | साइनबोर्ड पेन्टिङ | | | | ३०० |
| | ब्याट्री पसल | | | | २०० |
| | फलफुल, तरकारी दुध पसल | | | | ३०० |
| | गिफ्ट सामान | ६०० | ५०० | ४०० | |
| | इलेक्ट्रीक सामान | १,००० | ८०० | ६०० | ४०० |
| | भाँडाकुँडा सामान | १,००० | ८०० | ६०० | |
| | किराना सामान तथा जनरल | ८०० | ७०० | ५०० | |
| | हार्डवयर | ५,००० | ४,००० | | |
| | इन्टरप्राइजेज, अर्डर एण्ड सप्लायर्स तथा टेडर्स | ८,००० | ६,००० | ५,००० | |
| | सप्लायर्स (गाडी मार्फत सामान बिक्रि गर्ने) प्रति पटक | | | ६०० | ५०० |
| १४. | **हेयर कटिङ्ग** | | | | ५०० |
| १५. | **एग्रोभेट/ बिउविजन** | | | | ४०० |
| १६. | **होस्टेल** | ५,००० | ५,००० | | |
| १७. | **टेण्ड/क्याटरीङ्ग** | २,५०० | २,००० | १,५०० | |
| १८. | **विशेषज्ञ, परामर्श तथा अन्य व्यावसायिक सेवा** | १,००० | ७५० | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | **लेखा परीक्षक** | १,००० | १,००० | १,००० | |
| २०. | **बिमा एजेन्ट** | | | | ४०० |
| २१. | **चुरापोते पसल** | | | | ४५० |
| २२. | **चश्मा पसल** | | | | ३०० |
| २३. | **साउन्ड सिस्टम भाडामा** | | | | ५००प्रति पटक |
| २४. | **माछा समुह** | | | | ३०० |
| २५. | **व्यवसायहरुको नामसारी तथा नाम संशोधन** | १,००० | ८०० | | |
| २६. | **व्यवसाय प्रमाणपत्र प्रतिलिपी** | ३०० | ३०० | ३०० | |

***नोटः व्यवसायिक करको वर्गिकरण***

"क" वर्ग- १० लाख भन्दा माथि

"ख" वर्ग- ५ लाख देखि १० लाख सम्म

"ग" वर्ग-१ लाख देखि ५ लाख सम्म

"घ" वर्ग - १ लाख सम्म

## अनुसुची -५
**(ऐनको दफा-६ सँग सम्बन्धित)**
**जडिबुटी, कवाडी र जीवजन्तु कर**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | दालचिनिको पात | प्रतिकेजी रु २ |
| २. | दालचिनिको बोक्रा | प्रतिकेजी रु २ |
| ३. | अम्रिसो | प्रतिकेजी रु २ |
| ४. | टिमुर | प्रतिकेजी रु २ |
| ५. | अमला | प्रतिकेजी रु २ |
| ६. | रिठो | प्रतिकेजी रु २ |
| ७. | सल्लाको खोटो | प्रतिकेजी रु २ |
| ८. | मालागेडी | प्रतिकेजी रु २ |
| ९. | सेतो श्रीखण्ड | प्रतिकेजी रु ३ |
| १०. | खयर | प्रतिकेजी रु २ |
| ११. | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख | प्रतिकेजी रु २ |
| १२. | कवाडी माल | प्रतिकेजी ५ पैसा |

## अनुसुची -६
**(ऐनको दफा-७ सँग सम्बन्धित)**
**सवारी साधन कर**

| क्र. सं. | विवरण | दर |
|---|---|---|
| १ | अटो रिक्सा | रु १,००० |

**अनुसुची -७**
**(ऐनको दफा-८ सँग सम्बन्धित)**
**विज्ञापन कर**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १. | होर्डिङ बोर्ड | ०-८ प्रतिवर्गफिट प्रतिबर्ष | २०० |
| | | ८-१२ प्रतिवर्गफिट प्रतिबर्ष | ३०० |
| | | २५प्रतिवर्गफिट भन्दा बढीप्रति बर्ष | ४०० |
| २. | व्यानरका लागी | ७ दिन सम्मको लागी प्रति वर्ग फुट | ५० |
| | | ७ दिन भन्दा बढीको लागी प्रति वर्ग फुट प्रतिदिन | १० |
| ३. | स्टल राखी वा माइकिन गरी हिड्दा प्रतिदिन | | १,००० |
| ४. | डिजिटल डिस्प्ले | | १०० |

**अनुसुची -८**
**(ऐनको दफा-९ सँग सम्बन्धित)**
**मनोरञ्जन कर**

प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

**अनुसुची -९**
**(ऐनको दफा-१० सँग सम्बन्धित)**
**बहाल बिरौटी कर**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | सार्वजनिक जग्गामा निर्मित संरचनाको प्रति वर्ग फुट प्रति महिना | रु २० |

**अनुसुची -१०**
**(ऐनको दफा-११ सँग सम्बन्धित)**
**पार्किङ शुल्क**

| क्र.सं. | विवरण | विस्तृत शुल्क | दर |
|---|---|---|---|
| १. | प्रतिदिन पार्किङ शुल्क | हेभि ईक्वुपमेन्ट(डोजर,लोडर आदि) | रु ५० |
| २. | | चारपाङ्ग्रे सवारि साधन ठूलो (बस, ट्रक, मिनिबस, ट्र्याक्टर) | रु ५० |
| ३. | | कार जिप भ्यान | रु ५० |
| ४. | | मोटरसाईकल | रु १० |

**अनुसुची -११**
**(ऐनको दफा-१२ सँग सम्बन्धित)**
**ट्रेकिङ शुल्क**

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १. | स्वदेशी | प्रतिव्यक्ति प्रतिदिन | रु ५० |
| २. | विदेशी सार्क | प्रतिव्यक्ति प्रतिदिन | रु १०० |
| ३. | विदेशी अन्य | प्रतिव्यक्ति प्रतिदिन | रु २०० |
| ट्रेकिङ रुटहरु तयार भएपछि तय गरिने | | | |

**अनुसुची -१२**
**(ऐनको दफा-१३ सँग सम्बन्धित)**
**सेवा शुल्क दस्तुर**

**व्यवसायिक क्षेत्रका लागि दर्ता शुल्क**

| कर योग्य सम्पतिको मुल्य | बार्षिक दर |
|---|---|
| १ लाख सम्म | रु ५० |
| १ लाख देखी ५ लाख सम्म | रु १०० |
| ५ लाख देखी १० लाख सम्म | रु ३०० |
| १० लाख देखी २० लाख सम्म | रु ५०० |
| २० लाख देखी ४० लाख सम्म | रु १,००० |
| ४० लाखी देखी ६० लाख सम्म | रु १,५०० |
| ६० लाख भन्दा माथि | रु २,००० |

**वित्तिय क्षेत्रका लागि दर्ता शुल्क**

| क.सं. | विवरण | दर्ता शुल्क |
|---|---|---|
| १. | क वर्गको बैंक | रु १५,००० |
| २. | ख र ग वर्गको बैंक | रु १२,००० |
| ३. | लगु वित्तको लागि | रु ५,००० |
| ४. | बचत तथा ऋण सहकारी | रु १,५०० |

| क.सं. | विवरण | विस्तृत विवरण | दर रु |
|---|---|---|---|
| **१.** | **प्रमाणित शुल्क** | नाता प्रमाणित पहिलो दुई व्यक्तिका लागी | २०० |
| | | पहिलो दुई व्यक्ति भन्दा बढीका लागी प्रतिव्यक्ति थप | २० |
| | | अङ्ग्रेजिमा प्रमाणित गर्ने | ५०० थप |
| | | संरक्षक प्रमाणित गर्ने | निशुल्क |
| | | हकवाला वा हकदार प्रमाणित गर्ने | ५०० |
| | | घर बाटो नभएको प्रमाणित गर्ने | २०० |
| | | घर बाटो भएको प्रमाणित गर्ने | ३०० |
| | | र किल्ला प्रमाणित गर्ने | ३०० |
| | | आम्दानी प्रमाणित मासिक २० हजार | ३०० |

| | | | |
|---|---|---|---|
| | | सम्म | |
| | | आम्दानी प्रमाणित मासिक २०-५० हजार सम्म | ५०० |
| | | आम्दानी प्रमाणित मासिक ५० हजार सम्म | रु ५०० मा आम्दानीको ०.३% थप |
| २. | **सिफारिस** | अङ्ग्रेजिमा सिफारिस | ५०० थप |
| | | फरकफरक नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस / नाम, थर संशोधनको सिफारिस | २५० |
| | | कित्ता काट सिफारिस ( अंशबन्डाका लागी) | १०० |
| | | कित्ता काट सिफारिस ( खरिद बिक्री प्रयोजनका लागी) | १,००० |
| | | जग्गा धनि दर्ता प्रमाणपत्र हराएको सिफारिस | २५० |
| | | जिवित रहेको सिफारिस | २०० |
| | | बन्दघर तथा कोठा खोल्न रोहबर बस्ने | २०० |
| | | हकवाला वा हकदार प्रमाणित गर्ने | ५०० |
| | | नामसारी गर्न | २०० |
| | | उद्योग ठाँउ सारी गर्न | ३०० |
| | | आधारभूत विद्यालय खोल्न | १,००० |
| | | विद्यालय कक्षा थप (प्रत्येक थप कक्षाका लागि) | ५०० प्रत्येक |
| | | वैवाहिक अङ्गिकृत नागरिकता | १,००० |
| | | असक्त, असहाय तथा अनाथको पालन पोषणको लागि | निशुल्क |
| | | आर्थिक अवस्था कमजोर | निशुल्क |
| | | विद्यालय ठाँउ सारी गर्न | १,००० |
| | | धारा विद्युत जडानको लागि | २०० |
| | | कानुन बमोजिम अन्य सिफारिस वा प्रमाणितका लागि | २०० |
| | | नागरिकताको प्रतिलिपि | ३०० |
| | | जग्गा नामसारी | ३०० |
| | | पेन्सन सिफारिस नेपाल भित्र | ५०० |
| | | पेन्सन सिफारिस नेपाल बाहिर | ८०० |
| | | बैदेशिक प्रयोजनार्थ अन्य सिफारिस | ८०० |
| | | संघ संस्था दर्ता | ५०० |
| | | हतियार नविकरण | १,००० |
| ३. | **व्यक्तिगत घटना दर्ता** | जन्म दर्ता | निशुल्क |
| | | मृत्यु दर्ता | निशुल्क |
| | | विवाह दर्ता | निशुल्क |
| | | बसाइसराई जाने | निशुल्क |
| | | बसाइसराई आउने | निशुल्क |
| | | सम्बन्ध विच्छेद | निशुल्क |
| ४. | **झैझगडा मुद्दा मामिला निवेदन** | मिलापत्र/उजुरीको निवेदन | १०० |

| | | | |
|---|---|---|---|
| | | नगद/जिन्सि दावि सहित | ५०० |
| **५.** | **अन्य सबै प्रकारका सिफारिस** | | २०० |

**नोट :**

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइसराई तथा सम्बन्ध विच्छेद ३५ दिन पछि बिलम्ब शुल्क रु ५०, रु २००, रु ५००, रु २००, रु २०० लाग्ने छ ।
- बुझाउनु पर्ने कर समयमा नबुझाउनेलाई आगामि आर्थिक वर्षको पहिलो ६ महिना १०% का दरले र त्यसपछि प्रति महिना थप ५% का दरले जरिवाना थप हुदै जानेछ ।

**अनुसुची -१३**
**(ऐनको दफा-१४ सँग सम्बन्धित)**
**पर्यटन शुल्क (प्रतिदिन)**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | विस्तृत अध्ययन पश्चात लगाईने | पर्यटकीय क्षेत्रको घोषणा पश्चात |

**अनुसुची -१४**
**(ऐनको दफा-१५ सँग सम्बन्धित)**
**फोहोरमैला व्यवस्थापन शुल्क**

| क्र.सं. | विवरण | दर ( मासिक रु ) | | |
|---|---|---|---|---|
| | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १. | होटल | २०० | १५० | १०० |
| २. | पसल | १५० | १०० | ५० |
| ३. | घरबाट निस्केको | ५० | | |

**अनुसुची-१५**
**(ऐनको दफा-१६ सँग सम्बन्धित)**
**नक्सा पास दस्तुर**

| क्र.स. | विवरण | तला | दस्तुर रु |
|---|---|---|---|
| १. | घर नक्सा पास पक्की प्रतिवर्गफिट | भूमिगत | १ |
| | | पहिलो | १.५० |
| | | दोस्रो | २ |
| | | तेस्रो | ३ |
| | | तेस्रो भन्दा माथि | ४ |
| २. | घर नक्सा पास प्रतिवर्गफिट ( कच्ची घर) | | २५ पैसा |

## अनुसुची -१६
(ऐनको दफा-१७ सँग सम्बन्धित)

**अवैध उत्खनन् तथा ढुवानी जरिवाना**

| क.सं. | विवरण | विस्तृत विवरणा | दर |
|---|---|---|---|
| १. | जरिवाना | टेक्टरबाट अवैध उत्खनन्/ढुवानी गरेमा | १,५०० |
| | | ट्रक/टिप्परबाट अवैध उत्खनन्/ ढुवानी गरेमा | ५,००० |
| | | उत्खनन् कार्यमा मेशिन प्रयोग गरेमा थप | ३०,००० |

- अवैध उत्खनन्/ ढुवानी कार्य दोहोरीयमा प्रत्येक पटक दोब्बर जरिवाना लाग्नेछ ।

## अनुसुची-१७
(ऐनको दफा १९ सँग सम्बन्धित)

**ऐरावती गाउँपालिकालाई बुझाउनु पर्ने कर,शुल्क,दस्तुरहरुको विवरण तालिकाः**

| क्रं. सं | करको विवरण | कस्ले तिर्ने | कँहा तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सम्पति कर | घर धनीले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | जेष्ठ-१५ सम्म | |
| २ | घर जग्गा बहाल कर | घर धनीले वा सम्झोता अनुसार | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | जेष्ठ मसान्त सम्म | |
| ३ | मालपोत कर | जग्गा धनीबाट | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | जेष्ठ-१५ सम्म | |
| ४ | व्यवसाय कर | व्यवसायीवाट | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | जेष्ठ मसान्त सम्म | |
| ५ | सवारी कर | सवारी चालक | प्रदेश आर्थिक ऐनले तोके बमोजिम | तोके बमोजिम | दर्ता/नविकरण गर्दा | |
| ६ | मनोरञ्जनात्मक व्यवसाय कर | सेवा प्रदायकले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | जेष्ठ मसान्त सम्म/सोही | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | दिन | |
| ७ | बहाल बिटौरी कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | असोज मसान्त सम्म/सोही दिन | |
| ८ | विज्ञापन कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | विज्ञापन राख्नु पुर्व | |
| ९ | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्राप्त गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | तोके बमोजिम | सेवा प्राप्त गर्दा | |
| १० | जडिबुटी ,कवाडी र जीवजन्तु कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | सोही दिन | |
| ११ | पार्किङ शुल्क | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | पार्किङ गर्दाको बखत | |
| १२ | ट्रेकिङ शुल्क | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | ट्रकिङ जानु पुर्व | |
| १३ | नक्सा पास दस्तुर | घर धनीले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | सेवा प्राप्त गर्दा | |
| १४ | अवैध उत्खन्न तथा ढुवानी जरिवाना | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालयमा | तोके बमोजिम | सोही दिन | |

आज्ञाले,

**जगत प्रसाद भुसाल**

प्रमुख प्रशासकीय अधिकृत